# स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका कार्यविधि

२०७५

तिलागुफा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गाल्जे,कालिकाट

# विषय सूचि


| क्रम संख्या | परिच्छेद | विषय वस्तु | पाना नं. |
|---|---|---|---|
| १. | परिच्छेद- १ | प्रारम्भिक | १–१ |
| | | संक्षिप्त नाम र प्रारम्भ | १ |
| | | परिभाषा | १ |
| २. | परिच्छेद- २ | कार्यविधिकोउद्देश्य, समितिको गठन प्रकिया, काम, कर्तव्य अधिकार | २–३ |
| | | २.१ स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य | २ |
| | | २.२ समितिको गठन | २ |
| | | २.३ बैठक सम्बन्धी कार्यविधि | २ |
| | | २.४ समितिको काम, कर्तव्य र अधिकार | ३ |
| | | २.५ बैठकको गणपुरक संख्या | ३ |
| ३. | परिच्छेद- ३ | कार्यक्षेत्र | ४–५ |
| ४. | परिच्छेद- ४ | वित्तीय व्यवस्थापन | ६–७ |
| | | ४.१ वित्तीय व्यवस्थापन | ६ |
| | | ४.२ बजेट तर्जुमा | ६ |
| | | ४.३ खर्च तथा अभिलेख | ६ |
| | | ४.४ स्थानीय स्वास्थ्य संस्थाका आर्थिक स्रोतहरु | ७ |
| ५. | परिच्छेद- ५ | संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व | ८–९ |
| | | ५.१ संरक्षक | ८ |
| | | ५.२ अध्यक्ष | ८ |
| | | ५.३ उपाध्यक्ष | ८ |
| | | ५.४ सदस्यहरु | ९ |
| ६. | परिच्छेद- ६ | स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था | १०–१९ |
| | | ६.१ स्थानीय स्वास्थ्य संस्थाहरुबाट सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु | १० |
| | | ६.२ आयुर्वेद औषधालय र अस्पताल | १८ |
| | | ६.२.१ कार्यक्रमहरूको क्षेत्र | १८ |
| | | ६.२.२ आयुर्वेदवा सेकार्यक्रम | १८ |
| ७. | परिच्छेद- ७ | समितिको गठन | २०–२२ |
| | | ७.१. प्राथमिक स्वास्थ्यसेवाकेन्द्रसञ्चालन तथा व्यवस्थापन समितिको गठन | २० |
| | | ७.२ शहरी स्वास्थ्य केन्द्रसञ्चालन तथा व्यवस्थापन समितिको गठन | २० |

| | | |
|---|---|---|
| | ७.३ स्वास्थ्य चौकीसञ्चालन तथा व्यवस्थापन समितिको गठन | २१ |
| | ७.४ सामुदायिकस्वास्थ्य इकाइसञ्चालन तथा व्यवस्थापन समितिको गठन | २१ |
| | ७.५.आयुर्वेद औषधालयसञ्चालन तथा व्यवस्थापन समितिको गठन | २२ |
| ८. अनुसूचिहरु | | २३–३३ |
| | अनुसूचि १ | २३ |
| | अनुसूचि२ | २४ |
| | अनुसूचि ३. आधारभूत स्वास्थ्य सेवा प्याकेज-MoHP Website (mohp.gov.np) | २४ |
| | अनुसूचि ४. स्वास्थ्य सेवाको न्यूनतम मापदण्ड- MoHP Website (mohp.gov.np) | २४ |
| | अनुसूचि ५.गुणस्तर सुधार सम्बन्धीसामाग्रीहरु - MoHP Website (mohp.gov.np) | २४ |
| | अनुसूचि ६. व्यवस्थापन समितिको कार्यसम्पादन–मूल्यांकन फाराम | २५–२७ |
| | अनुसूचि ७. व्यवस्थापन समितिको बैठक रजिष्टर | २८–२९ |
| | अनुसूचि ८. नागरिक बडापत्र | ३० |

# परिच्छेद- १
# प्रारम्भिक

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको सदुपयोग गरी सेवालाई थप स्थतव्यवजिनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चाल व्यवस्थापनमा जनसहभागिता परिचालन गन नेपालको संविधान, स्वास्थ्य नीति, २०७१ र जनस्वास्थ्य सेवाऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यविधि तयार गरिएको छ ।

---

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम"स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहनेछ ।

१.२ यस कार्यविधिको आधारमा सबै महानगरपालिका/उप-महानगरपालिका/ नगरपालिका/गाउपालिकाहरुले आफू मातहत स्वास्थ्य संस्थाका लागि निर्देशिका बनाई लागु गर्न सकिनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा-

२.१ आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य सेवा, २०७५ऐन को दफा ३ का उपदफा (४) वमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका राज्यवाट सुलभरुपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकत्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

२.२ **"स्थानीय तह"** भन्नाले प्रचलित कानून बमोजिम स्थापित महानगरपाकि, उप-महानगरपालिका, नगरपालिका र गाउपालिका सम्झनु पर्दछ ।

२.३ **"स्थानीय स्वास्थ्य संस्था"** भन्नाले स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द र आयुर्वेद औषधालय केन्द्र सम्झनु पर्दछ ।

२.४ **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

---

# परिच्छेद- २
## कार्यविधिको उद्देश्य, समितिको गठन प्रकिया, काम, कर्तव्य र अधिकार

| | |
|---|---|
| **२.१ स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य** | यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ । <br> आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जन सहभागिता परिचालन गरी सुलभरुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने । |
| **२.२ समितिको गठन** | १. समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ । <br> २. पदावधि: समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ । <br> ३. पद रिक्त हुने अवस्था : निर्वाचित पदाधिकारीहरुको हकमा नियमित पद समाप्त भएपछि स्वत : समितिको पदावधि समेत समाप्त हुनेछ । भएमा, राजिनामा दिई सो राजिनामा स्विकृत भएमा,फौजदारी अभियोग लागेमा, लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ । |
| **२.३ बैठक सम्बन्धी कार्यविधि** | १. समितिको बैठक समितिका अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ । <br> समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थिति उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थितिमा तोके बमोजिम उमेरमा सवैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन्। <br> २. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ । |

**२.४ समितिको काम, कर्तव्य र अधिकार**

सामितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ।

क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवासञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधानहुन नसके समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।

ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने ।

**२.५ बैठकको गणपुरक संख्य**

ग. स्वास्थ्य संस्थालाइप्राप्त कार्यक्रम, योजना, सूचनारपरिपत्रहरु भए तिनको समयमै जानकारी गरीगराई कार्यान्वयन गर्ने ।

घ. सम्वन्धित स्थानीय तहलेबनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने ।

ङ. सामुदायिक स्वास्थ्य इकाई/स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्व गराउने ।

च. स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत गर्ने गराउने।

छ. स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

ज. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्य गर्ने र सेवा प्रबाहको गुणस्तरीयता ततासुनिश्चित गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

झ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सो लागि आवश्यक सहजीकरण गर्ने ।

ञ. महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन संग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

ट. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमसामाजिक जवाफदेहिता सुनिश्चितगर्ने ।

ठ. सामितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

# परिच्छेद- ३
# कार्यक्षेत्र

**३. कार्यक्षेत्र** स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्न बम हुनेछ ।

३.१. नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा(Basic Health Care Package) प्रबाह र सेवाको नतमन्यू मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ ( भ्र) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाई संग सम्बन्धित(बुंदा १ देखि १२) कार्यक्रमहरुको अफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने (अनुसूचि) १

३.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४( ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु ( बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वय लागि सहयोग, समन्वय र सहजीकरण गन ( अनुसूचि) २

३.४ स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको(Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहार वाटा निस्कने स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरु वा जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

३.५. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न तथा सहयोगी कार्यक्र सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

३.६ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव व्यवस्थापन सम्बन्धी कार्य गर्नेतथा सेवा प्रदायकरस्वास्थ्यकर्मीहरुलाई सहज रुप कार्य गर्न अनुकूल तथा सुरक्षितातवरणब सृजना गर्ने र उच्च कार्य सम्पादनका प्रोत्साहित गर्ने ।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, प्रदायकहरुका सेवा कार्यसम्पादन र यस उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

३.८. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवाप्रवाह ( भवन,औषधि, औजर उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित–मूल्यांकनको आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सोको वस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

३.९. स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने र रेकर्डिङ्ग, रिपोटिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

३.१०. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्याको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

३.११. स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सहयोग तथा सहजीकरण गर्ने ।

३.१२ विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकासगरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयन महानगरपालिकालागि /उप-महानगरपालिका /नगरपालिका/ गाउपालिका र सो अन्तर्गतका स्वास्थ्य तथा सामाजिक विकास शाखा संग आवश्यक सहयोग र समन्वय गर्ने ।

३.१३ आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन,अनुभव र सहयागे आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

३.१४ आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुका वीच स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वय लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य यसको उपयोगिताक नियमित समीक्षा गर्ने ।

३.१५ आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा बैकल्पिक जस्ता स्वास्थ्य सेवा तथा कार्यक्रमहरुलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वय अनुगमन र सहजीकरण गर्ने ।

३.१६ समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१७ महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लगी तयारी तथा आबश्यक व्यवस्थापन गर्ने ।

३.१८ प्रेषण प्रणालीलाई कियाशील बनाउन आधुनिकीकरण तथा ब्यवस्थित गर्ने ।

३.१९ सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित तथा सहजीकरण गर्ने ।

# परिच्छेद- ४
# वित्तीय व्यवस्थापन

| | |
|---|---|
| ४. **वित्तीय व्यवस्थापन** | स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्ती व्यवस्थापन गर्न सक्नेछन्। |
| ४.१ **वित्तीय व्यवस्थापन** | स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, सरकार संचालन ऐन, २०७४ र यस नगरपालिको आर्थिक एने नियम अनुसार हुनेछ। |
| ४.२ **बजेट तर्जुमा** | (क) स्थानीय स्वास्थ्य संस्थासञ्चालन तथा व्यवस्थापन समितिले योजना तर्जुमाको चरण अनुरुप तोकिएको अवधि(मिति) भित्र आगामी आर्थिक वर्षको कार्यक्रम वजेट निर्माण गरी यस नगरपालिकामा पेश गर्नु पर्दछ।<br><br>(ख) बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने, नगरपालिका बाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैह्रसरकारी संस्थाबाट प्राप्त रकम तथन स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ। |
| ४.३ **खर्च तथा अभिलेख** | (क) दरवन्दी अनुसारको जनशक्तिको लागि आवश्यक तलबभत्ता, औषधि तथा उपकरणहरुको कमी नहुने गरी संघीय सरकारबाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनिक खर्चमा बजेट बाडफाँड गर्नु पर्नेछ। दरवन्दी वाहेक आवश्यक परेमा स्थानीय स्रोतले भ्याउने भएमा मात्र सेवारमा करार थप जनशक्तिको व्यवस्था गर्न सकिनेछ। थप कर्मचारी व्यवस्था गर्दा स्विकृत मापदड र प्रकिया अनुसार दक्ष प्राविधिकलाई प्राथमिकता दिनु पर्नेछ।<br>(ख) प्रत्येक चौमासिकको लागि निर्धारण गरिएका स्वास्थ्य कार्यक्रमहरुको रकम स्वीकृत गरी निकासाको लागि नगरपालिका, वडा कार्यालयमा लिखित अनुरोध गर्नु पर्नेछ।<br>(ग) प्राप्त रकम सम्वन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ। प्रत्येक चौमासिकको तथा वित्तीय प्रगतिवारे समीक्षा गरी आगामी चौमासिकको लागि वजेट माग गर्नु पर्दछ।<br>(घ) स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ।<br>(ङ) प्रचलित कानून वमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा समाजिक परीक्षण गराउनु पर्नेछ। |

| | | |
|---|---|---|
| **४.४ स्थानीय स्वास्थ्य संस्थाका आर्थिक स्रोतहरु** | (क) | संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान । |
| | (ख) | विभिन्न व्यक्ति, दाता, गुठी र उपभोक्ता समूहहरुबाट प्राप्त अनुदान वा सहयोग |
| | (ग) | राष्टिय् तथा अन्तराष्टिय् संघसंस्थाबाट उपलब्ध सहयोग । |
| | (घ) | स्वास्थ्य संस्थाको आन्तरिक स्रोत जस्तै काठ, दाउरा, घास, अन्न तथा विक्रि, जमिन, सटरको भाडा आदिबाट उठेको रकम तथा अन्य लगानी कार्यक्रमबाट भएको आर्जन । |

# परिच्छेद- ५
## संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ ।

**५.१ संरक्षक**

५.१.१ यस नगरपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा,कार्यान्वयन अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

५.१.२ यस,नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रही देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

**५.२ अध्यक्ष**

५.२.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी तर्जुमा, कार्न्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

५.२.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

५.२.३ कार्य योजना बमोजिम पदाधिकारीहरुलेकार्य सम्पादनको अनुगमन मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने ।

५.२.४ कर्मचारीहरुको कामको नियमित मूल्याकंन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

५.२.५ कर्मचारीहरुलाई आवश्यकतानुसार काज, तालीम वा गोष्ठीमा पठाउ सहमति दिने ।

५.२.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

५.२.७ समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत। दिने

५.२.८ समय समयमा कार्यालयकोनिरीक्षण गरी कार्यालयको नगदी, जिन्सी लागत अद्यावधिक गराउने ।

**५.३ उपाध्यक्ष**

५.३.१ अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्तनिजको अनुपस्थिति बैठकको अध्यक्षता गर्नेछन्।

| | |
|---|---|
| **५.४ सदस्यहरु** | ५.४.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुऱ्याउने ।<br>५.४.२ स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुऱ्याउने ।<br>५.४.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिमा जानकारी दिने ।<br>५.४.४ समितिले कुनै उपसमितिको संयोजक वा तोकेमा सदस्य सोही अनुसार जिम्मेवारी वहन गर्ने ।<br>५.४.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।<br>५.४.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।<br>५.४.७ समितिका सदस्यहरुले पालैपालो गरी क्लष्टर स्तरीय (रिपोर्टिङ्ग स्तरीय) मासिक समीक्षामा भाग लिने ।<br>५.४.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सवै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।<br>५.४.९ स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्री समयन्वय तथा सहकार्य गर्ने गराउने । |

# परिच्छेद- ६
## स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था

**६.१ आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरुबाट सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन् ।**

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| **योजना तर्जुमा** | | | | |
| (क) स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आवधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेशगर्ने । | √ | √ | √ | - |
| (ग) स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनका लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाडफाड गर्ने । | √ | √ | √ | - |
| (घ) कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । | √ | √ | √ | √ |
| **परिवार नियोजन कार्यक्रम** | | | | |
| (क) कार्यक्षेत्रभित्र परिवार नियोज सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । | √ | √ | √ | √ |
| (ग) परिवार नियोजनको सेवा तथा परामर्श सेव उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुर्‍याउने । | √ | √ | √ | √ |
| (ङ) परिवार नियोजनकासाधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । | √ | √ | √ | √ |
| (च) परिवार नियोजनका साधनहरुकोर्याप्तप मौज्दात कायम राख्ने । | √ | √ | √ | √ |
| **सुरक्षित मातृत्व** | | | | |
| (क) प्रत्येक गर्भवती महिलाकोविवरण राख्ने । | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने । | √ | √ | √ | √ |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान । जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेमा घरैमा गई सेवा प्रदान गर्ने । | √ | √ | √ | - |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाको बारेमा बताउने । | √ | √ | √ | √ |
| (च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले. महिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राख्ने । | √ | √ | √ | √ |
| **खोप** | | | | |
| (क) खोपको महत्व बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरुको लगत तयार गर्ने र अद्यावधिक राख्ने । | √ | √ | √ | √ |
| (ग) खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने । | √ | √ | √ | - |
| (घ) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गने | √ | √ | √ | - |
| (ङ) खोप क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (च) खोप दिनु पर्ने बच्चाको संख्या पत्ता लगाउने र सुक्ष्म योजना तयार गरीपुरा खोप दिने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **पोषण** | | | | |
| (क) पोषणको महत्व बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) ३ वर्ष मुनिका बच्चाहरुको बृद्धि अनुगमर्ने | √ | √ | √ | √ |
| (ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने । | √ | √ | √ | - |
| (घ) कडा खालको कुपोषित बच्चालाई प्रेषण गरी पठाउने | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| | | | | |
| (ङ) भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने । | √ | √ | √ | √ |
| (च) आयोडिनयुक्त नुनको प्रयोगकोप्रवर्द्धन गर्ने | √ | √ | √ | √ |
| (छ) सन्तुलित भोजनबारे सवै परिवारसम्म चेत पु¥याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने । | √ | √ | √ | √ |
| **झाडापखाला** | | | | |
| (क) झाडापखाला रोकथाम बारे स्वास्थ्य शिक्षा दिने | √ | √ | √ | √ |
| (ख) ओ.आर.टी. कर्नर स्थापना गरी सञ्चालन गर्ने | √ | √ | √ | - |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोख गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अग पुनर्जलीयउपचार सामाग्रीहरुकोमौज्दात स्थिती अध्ययन गरी सोको खा“चो नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **श्वास प्रश्वास** | | | | |
| क) श्वास-प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति (Standard Treatment Protocol ) अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |
| (ग) उपचार हुन नसकेका विरामीलाई तत्कालै प्रेषण गरी पठाउने र पठाउदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) श्वास प्रश्वासरोगकोउपचारका लागि आवश्यक औषधिको कमी नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **औलो तथा कालाजार** | | | | |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्न उपायबारे जनचेतना जगाउने । | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| (ख) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा ज्वरा आएको व्यक्तिको रक्तनमुना संकलन कार्यलाई व्यवस्थित गर्ने । | √ | √ | √ | - |
| (ग) औलो रोग तथा कालाजार शङ्का गरिएका व्यक्तिकोरक्त नमूना लिने, प्रयोगशालामा जाच गर्न पठाउने र निर्देशिका अनुसार उपचार | √ | √ | √ | - |
| (घ) औलो रोग तथा कालाजार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने ( माग गर्ने/वितरण गर्ने ) | √ | √ | √ | - |
| (ङ) प्रभावित क्षेत्रमा सिफारिश गरिएको कीटनासक औषधि छर्कने र झूल बितरण कार्य सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| **क्षयरोग नियन्त्रण** | | | | |
| (क) क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रमसञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) शंकास्पद रोगीहरुकोकारख नमूना संकलन गर प्रयोगशालामा पठाउने । | √ | √ | √ | - |
| (ग) प्रमाणित भएका रागीको DOTS विधि अनुसार उपचार गर्ने । | √ | √ | √ | - |
| (घ) दर्ता भएका तर उपचारमा नआउने विरामीको खोजी गरी उपचार नियमित गराउने । | √ | √ | √ | √ |
| (ङ) क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| **कुष्ठरोग नियन्त्रण** | | | | |
| (क) कुष्ठरोगको रोकथाम,नियमित उपचार तथा पुर्नस्थापना बारे जनचेतना जगाउने । | √ | √ | √ | √ |
| (ख) कुष्ठरोगबाट प्रभावितहरुको लागि नियमित क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (ग) कुष्ठरोगकोउपचार र औषधिको प्रतिक्रियाबार परामर्श दर्नी । | √ | √ | √ | - |
| (घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । | √ | √ | √ | √ |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| (च) कुष्ठरोगको रोकथाम तथा कुष्ठरोगप्रतिको | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने/स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने | | | | |
| **एड्स /यौनरोग** | | | | |
| (क) एच.आई.भी./एड्स/यौनरोगरोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) यौनरोगको उपचार गर्ने र शंकास्पद लाई व्यक्तिलाई परामर्श  तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने । | √ | √ | √ | - |
| **महामारी नियन्त्रण तथा प्राकृतिकप्रकोप** | | | | |
| (क) आफ्नो कार्यक्षेत्रमा कुनैपनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने महामारीको बारेमा स्वास्थ्य संस्थाहरुमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुका साथै सो बारे माथिल्लो निकायलाई जानकारी गराउने । | √ | √ | √ | √ |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.संग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा  गई आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **वातावरणीय सरसफाई** | | | | |
| (क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको वाताबरण सरसफाई राख्ने । | √ | √ | √ | √ |
| (ख) कार्यालय परिसर, सुई,मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने | √ | √ | √ | √ |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने । | √ | √ | √ | √ |
| (घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । | √ | √ | √ | √ |
| **स्वास्थ्य शिक्षा** | | | | |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शन नाटक, झाकी आदिको प्रदर्शन गर्ने । | √ | √ | √ | √ |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने स्थानीय संचार माध्यमको उचित प्रयोग गर्ने | √ | √ | √ | √ |
| (ग) पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षय, कुष्ठ, कालाजार, एड्स/यौनरोग, व्यक्तिगत तथा | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से. के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| वातावरणीय सरसफाई, लैङ्गिक भेदभाव हटाउे आदि विषयमा स्वास्थ्य संस्थाहरुमा नियमित स्वास्थ्य शिक्षा दिने । | | | | |
| (घ) आफ्नो क्षेत्रभित्रका सवै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| **गाउघर क्लिनिक कार्यक्रम** | | | | |
| (क) प्राथमिक स्वास्थ्य सेवा गाउघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने । | √ | √ | √ | √ |
| (ख) कार्यक्रम सम्बन्धी वडास्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (ग) गाउघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (घ) आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्य सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने । | √ | √ | √ | √ |
| (च) सुक्ष्मयोजना अनुसार गाउघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने | √ | √ | √ | √ |
| **महिला स्वास्थ्य स्वयंसेविका** | | | | |
| (क) जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रमंसंचालनगर्ने । | √ | √ | √ | - |
| (ख) लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (ग) कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (घ महिला स्वास्थ्य स्वयंसेविकाहरु संग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने । | √ | √ | √ | √ |
| (ङ) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट,आईरन चक्की, जिन्क, सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| **उपचार सेवा** | | | | |
| (क) नियमानुसार १० देखि ५ बजे सम्म नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार गर्ने । | √ | √ | √ | √ |
| (ग) आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने | √ | √ | √ | |
| (घ) अन्तरङ्ग उपचार सेवा दिने | √ | √ | | |
| ङ) रक्तचाप (Blood Pressure) परीक्षण, धड्कन/नाडी (Pulse) चेक गर्ने, ज्वरो नाप (Temparature),श्वासप्रश्वास(Respiration) बृद्धि बिकास, तौल उचाई परीक्षण९न्चयधतज Monitoring) सम्बन्धी सेवा दिने । | √ | √ | √ | √ |
| (च) बेहोस(Level या Consciousness), जन्डिस (Assesment for Joundice), रक्तअल्पता (Anemia),लिम्फनोड(Lymphnode Enlargment) सुन्निएको (Edema), निलोपन (Cynosis), क्लविङ्ग (Clubbing), छाती (Chest), मुटु(Heart) सम्बन्धी उपचार सेवा दिने । | √ | √ | - | - |
| (छ) नसा सम्बन्धी जांच (Neurological Examination) मोटर(Motor), सेनसोरी (Sensory), मानसिक (Mental Function), टाउको र गर्दन(Head and Neck evaluation) | √ | - | - | - |
| (ज) पेट सम्बन्धी(Abdominal Examination) यौनाङ्ग परीक्षण (Genitalia Examination), स्पाईनल परीक्षण(Spinal Examination), लिम्बस् परीक्षण (Limbs Examination) गर्ने । | √ | - | - | - |
| (ज) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वाससम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी कियाकलापहरुमा सहयोग । | √ | √ | √ | √ |
| (झ) व्यवस्थापन (Management) ज्वरो (Fever), टाउको दुखेको (Headache), | √ | √ | √ | - |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| जीउ दुखेको (Bodyache), खोकी लागेको (Cough), पाँच वर्ष मुनीको बच्चा बिरामी (IMNCI), न्यून श्वासप्रश्वास (Shortness या breath), छाती पोलेको (Burning Chest), पेट सम्बन्धी (Abdominal Pain), झाडापखाला (Diarrhoea), बान्ता (Vomiting/Nausea), कब्जियत (Constipation), दिसामा रगत (Bleeding Per Rectum), पिसाबमा रगत (Bleeding Per Vagina), उच्च रक्तचाप (Hypertension), चिनी रोग (Diabetes), मलेरीया (Malaria) सम्बन्धी उपचार र व्यवस्थापन गर्ने । | | | | |
| **मेडिको–लिगल केश** | | | | |
| (क) घाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| (ख) लास जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| **अनुगमन** | | | | |
| (क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने। | √ | √ | √ | √ |
| (ख) प्राप्त प्रतिवेदन लाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गति विधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाका आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने । | √ | √ | √ | - |
| (ग) माथिल्लो निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने नर्देशानुसार कार्यवाही गर्ने । | √ | √ | √ | √ |
| **प्रशासनिक कार्य** | | | | |
| (क) आएको सम्पूर्ण चिठी पत्रहरु दर्ता गर्ने र फाइल खडा गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयग फाईल खडा गरी प्रतिलिपी राख्ने । | √ | √ | √ | √ |
| (ग) प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने । | √ | √ | √ | √ |

| स्वास्थ्य कार्यक्रमहरु | प्रा.स्वा.से.के. | श.स्वा.के. | स्वा.चौ. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| (घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने । | √ | √ | √ | √ |
| (ङ) आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखा राख्ने । | √ | √ | √ | √ |
| (च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन् भन्ने कुराको यकिन गर्ने । | √ | √ | √ | - |
| (छ) सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । | √ | √ | √ | √ |
| **अभिलेख तथा प्रतिवेदन** | | | | |
| (क) व्यवस्थापन सूचना प्रणालीले लागु गरेका कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्य तथा गतिविधिहरुको अभिलेख राख्ने तथा निर्धारित मिति भित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने । | √ | √ | √ | √ |
| (ख) आवश्यक पर्ने फर्म, रजिष्टर, कार्डहरु कमसे कम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने | √ | √ | √ | √ |
| **अन्य** | | | | |
| (क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारक कार्यक्रमहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) थप भएका नयाँ कार्यक्रमहरु निर्देशिका अनुसार सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाल पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण कार्यान्वयन गर्ने,गराउने कार्यमा सहयोग गर्ने | √ | √ | √ | √ |

प्रा.स्वा.से.के.=प्राथमिक स्वास्थ्य सेवा केन्द्र , श. स्वा. =शहरीके. स्वास्थ्य केन्द्र, स्वा.चौ.=स्वास्थ्य **चौकि, सा. स्वा.इ.=सामुदायिक स्वास्थ्य इकाई**

**६.२ आयुर्वेद औषधालय र अस्पताल**

आयुर्वेद सेवाका कार्यक्षेत्र र कार्यक्रमहरू निम्नअनुसार छन् ।

**६.२.१ कार्यक्षेत्र:**

(क) स्वास्थ्य संरक्षण र प्रबर्धनात्मक सेवा ।

(ख) निदानात्मक एवं उपचारात्मक सेवा ।

(ग) स्वास्थ्य शिक्षा एवंसचेतनामूलक, सन्देशमूलक सेवा ।
(घ) जनस्वास्थ्य सरोकारका सेवा ।
(ड) गरीबी निवारण र मातृशिशु रक्षात्मकसेवा ।

**६.२.२ आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू छन्।**

(क) सेवामूलक कार्यक्रम

- स्तनपायी आमाका लागि स्तन्यवर्धक आयुर्वेद औषधि बितरण गर्ने ।
- जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य संरक्षण, प्रवर्द्धन र पंचकर्म, र सेवाको आवश्यक व्यवस्थापन गर्ने।
- स्थानीय जडिबुटीरोपणतथा लगत संकलन/नमुना जडिबुटी उद्यान निर्मा गर्ने।
- स्थानीय जडिबुटीबाट क्वाथ, चूर्ण आदि औषधि निर्माण गरी ताजा प्रयोग गराउने।
- निशुल्क स्वास्थ्य शिविरहरु संचालन गर्ने ।
- निःशुल्क दर्ता शुल्कतथा अनुदानको व्यवस्था मिलाउने ।
- योगा, पंचकर्म कार्यक्रमसंचालन गर्ने ।

(ख) सचेतनामूलकार्यक्रम

- विद्यालय आयुर्वेद शिक्षा कार्यक्रमसञ्चालन गर्ने ।
- जडिबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रमसंचालन गर्ने ।
- अगुवा कृषकहरूलाई व्यवसायीक जडिबुटी सम्बन्धी तालीमसञ्चालन गर्ने
- आयुर्वेद महिला स्वयंसेपरिचालनवका गर्ने।
- जनपद्दोध्वंश(महामारी) रोगहरू सम्बन्धी व्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय परम्परागत स्वास्थ्यकर्मी, धामी-झाक्री‘‘, लामा र आम्चीस‘‘ग अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्मसहरु संचालन गर्ने ।

(ग) विभिन्न सामग्रीहरू तथा औषधि खरिद कार्यक्रम

- प्राथमिक उपचारको लागि आकस्मिक सेवामा प्रयोग हुने औषधि
- औषधालयको अत्यावश्यक औषधि खरिद गर्ने ।
- रोग निदान तथा उपचारको लागि उपकरण खरिद गर्ने ।

# परिच्छेद- ७
# स्वास्थ्य संस्थासञ्चालन तथा व्यवस्थापन समितिको गठन

स्थानीय स्वास्थ्य संस्थासञ्चालन तथा व्यवस्थापन समितिको गठन विधि निम्न बमोजिम हुनेछ ।

**७.१. प्राथमिक स्वास्थ्य सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)**

| | | |
|---|---|---|
| | नगरपालिका प्रमुख | संरक्षक |
| १ | नगरपालिका भित्र पर्ने प्राथमिक स्वास्थ्य सेवाकेन्द्रमा अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एकजना महिला | उपाध्यक्ष |
| ३ | प्राथमिक स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालय प्रमुख वा प्राचार्यमध्ये बाट एक जना महिला | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना | सदस्य |
| ६ | वडा कार्यालयका अधिकृत | सदस्य |
| ७ | सम्बन्धित प्राथमिक स्वास्थ्य केन्द्रप्रमुख | सदस्य सचिव |

**७.२ शहरी स्वास्थ्य केन्द्रसञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)**

| | | |
|---|---|---|
| | नगरपालिकाका प्रमुख | संरक्षक |
| १ | नगरपालिका भित्र पर्ने शहरी स्वास्थ्य केन्द्र अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्ये बाट एक जना | उपाध्यक्ष |
| ३ | शहरी स्वास्थ्य केन्द रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्ये बाट एक जना महिला | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये बाट एक जना | सदस्य |
| ६ | वडा कार्यालयका अधिकृत | सदस्य |
| ७ | शहरी स्वास्थ्य केन्द प्रमुख | सदस्य सचिव |

७.३ स्वास्थ्य चौकी

**सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)**

| | नगरपालिका प्रमुख | संरक्षक |
|---|---|---|
| १ | नगरपालिका भित्र पर्ने स्वास्थ्य चौकी अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एक जना | उपाध्यक्ष |
| ३ | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्ये बाट एक जना महिला | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाटएकजना | सदस्य |
| ६ | वडा कार्यालयका अधिकृत | सदस्य |
| ७ | स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

७.४ सामुदायिक

**स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)**

| | नगरपालिका प्रमुख | संरक्षक |
|---|---|---|
| १ | नगरपालिका भित्र पर्ने सामुदायिक स्वास्थ्य ईकाई अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना | उपाध्यक्ष |
| ३ | सामुदायिक स्वास्थ्य इकाई रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्ये बाट एक जना महिला | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना | सदस्य |
| ६ | वडा कार्यालयका अधिकृत | सदस्य |
| ७ | सामुदायिक स्वास्थ्य इकाई प्रमुख | सदस्य सचिव |

**७.५. आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)**

| | | |
|---|---|---|
| | नगरपालिका प्रमुख | संरक्षक |
| १ | नगरपालिका भित्र पर्ने आयुर्वेद औषधालय अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना | उपाध्यक्ष |
| ३ | आयुर्वेदऔषधालय रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्ये बाट एक जना महिला | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि जनाएक | सदस्य |
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिल स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना | सदस्य |
| ६ | वडा कार्यालयका अधिकृत | सदस्य |
| ७ | आयुर्वेद औषधालय प्रमुख | सदस्य सचिव |

**७.६. सामुदायिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति ( ७ सदस्यीय)**

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख | संरक्षक |
| २ | सञ्चालक समिति मध्येबाट १ जना सर्वसम्मत | अध्यक्ष |
| ३ | नगरको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ४ | सामुदायिक अस्पताल रहेको वडाको अध्यक्ष | सदस्य |
| ५ | सञ्चालक समितिबाट एक जना महिना सहिति अध्यक्षले मनोनयन गरेको ३ जना | सदस्य |
| ६ | सञ्चालक समितिको सदस्य सचिव | सदस्य सचिव |

| | |
|---|---|
| **नोट :** | १.समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, नगरपालिका वा वडाका कार्यकारी अधिकृत र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले समितिका थप सदस्यहरुको मनोनयन गर्छ । <br><br> २.समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्षवा महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्ने छ समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका **प्र**मुख वा प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख वा प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्नसक्नेछ । <br><br> ३.बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ, <br><br> क. दलित जनजातिबाट — १ जना <br> ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट — १ जना <br> ग. किशोरकिशोरीहरुको तर्फबाट — १ जना <br><br> ४. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने निजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ । <br><br> ५. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुन व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरु विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने मिलाउनु पर्नेछ । |

# अनुसूचिहरु

**अनुसूचि १.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ ( झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भए स्वास्थ्य र सरसफाईसंग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु:

**आधारभूत स्वास्थ्य र सरसफाई:**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति, कानून, मापन योजना तर्जुमा, कार्यान्वयन र नियमन

(२) आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(४) स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(५) स्वच्छ खाने पानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको नियन्त्रण र नियमन

(६) सरसफाई सचेतनाको अभिबृद्धि र स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थ

(७) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुन: उपयोग, प्रशोधन, विसर्जन र शुल्क निर्धारण र नियमन

(८) रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रवाट निष्कासित फोहोरमैलास्थापनमाव्यव निजि तथा गैर सरकारी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्वन्धी सेवा सञ्चालन, अन अनुगमन र नियमन

(१२) महिला तथा वालवालिकाको कुपोषण न्यूनीकरण रोकथाम, नियन्त्रण व्यवस्थापन ।

| | |
|---|---|
| **अनुसूचि २.** | नेपालको संविधान अनुसूचि–९मा उल्लेख भए वमोजिम स्थानीयर सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ ( ख) मा उल्लेखित संघ तथा प्रदेशसंगका सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसंग सम्वन्धित साझा अधिकार सम्बन्धी कार्यकमहरुः<br>**स्वास्थ्य**<br>(१) संघीय तथा प्रदेशस्तरीय लक्ष र मापदण्ड वमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्वन्धी लक्ष र गुणस्तर निर्धारण गर्ने<br>(२) जनरल अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थ क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन<br>(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीवुटी र अन्य औषधिजन्य वस्त उत्पादन, प्रशोधन र वितरण<br>(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन<br>(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धरण तथा नियमन<br>(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग जीव सूक्ष्म निरोधक प्रतिरोध न्यूनीकरण<br>(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण<br>(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन<br>(९) स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)<br>(१०)स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन<br>(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तका पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन<br>(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन<br>(१३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभियान<br>(१४)आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्स परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन<br>(१५) जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना कार्यान्वयन<br>(१६) रोगको नियन्त्रण तथा रोकथाम<br>(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन । |
| **अनुसूचि ३.** | आधारभूत स्वास्थ्य सेवा प्याकेज- MoHP Website (www.mohp.gov.np) |
| **अनुसूचि ४.** | स्वास्थ्य सेवाको न्यूनतम मापदण्ड- MoHP Website (www.mohp.gov.np) |
| **अनुसूचि ५.** | गुणस्तर सुधार सम्बन्धीसामाग्रीहरु - MoHP Website (www.mohp.gov.np) |

# अनुसूचि ६. व्यवस्थापन समितिको कार्यसम्पादन -स्वमूल्यांङ्कन फाराम

**स्वास्थ्य संस्थाको नामः ....................** **समीक्षा गरेको मितिः............................**

## क) संस्थागत क्षमता र समितिको सशक्तिकरण

| क्र.स. | सूचकहरु | छ (१) | छैन(०) |
|---|---|---|---|
| १ | गत ६ महिनामा समितिको बैठक नियमित भएको | | |
| २ | बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा वढी उपस्थित हुने गरेको | | |
| ३ | सदस्यहरु बैठकमा ठीक समयमा आउने गरेको | | |
| ४ | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको | | |
| ५ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरु बैठकमा नियमित रुपमा उपस्थित हुने गरेको | | |
| ६ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरुले आफ्नो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त समस्याहरुलाई निर्णय प्रक्रियामा महत्व दिइएको | | |
| ७ | बहुमत सदस्यहरुले –आआफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकमा भएका निर्णयहरु समुदायसम्म पुऱ्याउने गरेको | | |
| ८ | निर्णयहरु बुँदागत रुपमा कार्ययोजनाको स्वरुपमा लेख्ने गरेको | | |
| ९ | अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको | | |
| १० | गत आर्थिक बर्षको बार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमास टाँस गरेको | | |
| ११ | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रुपमा छलफल हुने गरेको | | |
| १२ | बैठकमा उठेका विषयवस्तु समाधानका लागि एक भन्दाबढी सदस्यलाई जिम्मेवारी दिने गरेको | | |
| १३ | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १४ | समितिका सदस्यहरुको फोटो सहितको नामावली स्वास्थ्य संस्थामा सबैले देख्ने गरी टाँस गरेको | | |
| १५ | समितिका सदस्यहरुलाई आफ्नो भुमिका तथा जिम्मेवारीहरु थाहा भएको | | |
| १६ | समिति विधिवत्रुपमा (निर्देशिका अनुसार) गठन भएको | | |
| १७ | समितिको आफ्नो लेटरप्याड र छाप बनाएको | | |
| | **जम्मा** | | |

स्वास्थ्य संस्थाको नामः ........................................समीक्षा गरेको मितिः ..........................

## ख) स्वास्थ्य संस्था व्यवस्थापनः

| क्र.स. | सूचकहरु | छ (१) | छैन(०) |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्था भित्र तथा बाहिर कम्पाउन्डको बातावरण सफा र व्यवस्थित राखेको | | |
| २ | आवश्यकता अनुसार भौतिक पूर्वाधार(भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली, चर्पी, फर्निचर, आदि) को व्यवस्थापन गरेको | | |
| ३ | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गर्न समितिले पहल | | |
| ४ | स्वास्थ्य संस्थालाईव्यवस्थित रुपमा संचालन गर्न आवश्यक औषधीकोव्यवस्थापन गरेको | | |
| ५ | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरु व्यवस्थापन गरेको | | |
| ६ | न.पा. तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेका | | |
| ७ | कार्यालय समय अनुसार(१० देखी ४ वा ५ वजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था गरेको | | |
| ८ | समितिले स्वास्थ्यसंस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ९ | समितिद्धारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिबेक्षण गर्ने गरेको | | |
| १० | समितिले गाँउघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ११ | समितिले गाँउघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गने गरेको | | |
| १२ | समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्ने गरेको | | |
| १३ | समितिले कर्मचारीहरुको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको | | |
| १४ | समितिबाट महिला स्वास्थ्य स्वयं सेविको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेका | | |
| १५ | समितिले न.पा., वा अन्य निकायसंग कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न समन्वय गर्ने गरेको । | | |
| १६ | समितिले महिला स्वास्थ्य स्वयं सेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | |
| १७ | समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको | | |
| १८ | स्वास्थ्य संस्थाको वस्तुगत पार्शव चित्र (Health Profile) बनाएको | | |
| | **जम्मा** | | |

स्वास्थ्य संस्थाको नामः .......................................समीक्षा गरेको मितिः .................

## ग) स्वास्थ्य सेवाको अवस्था:

| क्र.स. | सूचकहरु | छ (१) | छैन(०) |
|---|---|---|---|
| १ | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्यको आधारमा समितिको मासिक बैठकमा राख्ने गरेको | | |
| २ | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा वाल रोगको एकिकृत व्यवस्थापन गरेको | | |
| ३ | ४ पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हाँसिल गरेको | | |
| ४ | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगतिहाँसिल गरेको | | |
| ५ | लक्ष्य अनुसार टी.टी. खोपको प्रगति हाँसिल गरेको | | |
| ६ | समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको | | |
| ७ | चाहना हुँदा हुदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पति पहिचान गरेको | | |
| ८ | गाँउघर तथा खोप क्लिनिकहरु नियमित रुपमा संचालन हुने गरेको | | |
| ९ | सेवाबाट छुटेका मानिस(महिला, दलित, जनजाती, पिछडिएका र संस्थावाट टाढा रहेका) हरुको पहिचान गरी सेवामा उनिहरुको पहुच बढाउन समुदाय परिचालन कार्य गर्ने गरे | | |
| १० | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको | | |
| ११ | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको उपलब्ध तह अनुसार गरेको | | |
| १२ | स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक औषधिहरु (पुनर्जलीय झोल, एमोक्शिसिलीन, आइरन र भिटामिन ए) भए नभएको एकिन गरेको | | |
| १३ | स्वास्थ्य संस्थामा हुनुपर्नेकम्तीमा ३ वटा परिवार नियोजनका साधनहरु(कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गरेको | | |
| १४ | नागरिक वडापत्र सबैले देख्ने स्थानमास गरेकोटा“ | | |
| १५ | समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको | | |
| १६ | न.पाको स्वास्थ्य आवश्यकताको पहिचान गरी वडा स्तरीय स्वास्थ्य योजना बनाएको | | |
| १७ | अ.हे.व./अ.न.मी. ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाँउघर क्लनिक, स्वास्थ्य स्वयं सेविका कार्यक्रमबारे छलफल गर्ने गरेको | | |
| | **जम्मा** | | |

स्वास्थ्य संस्थाको नाम: ........................................समीक्षा गरेको मिति: ..........................

**अनुसूचि ७.**व्यवस्थापन समितिको बैठक रजिष्टरनमुना

वैठक नम्वरः

| | गते | महिना | साल | |
|---|---|---|---|---|
| मितिः | | | | |
| वैठक सञ्चालन | | | | भएको स्थानः |

वैठकको संक्षिप्त विवरणः

आज मिति ......................................मा यस ......................... प्राथमिक स्वास्थ्यसेवाकेन्द्र/स्वास्थ्य चौकी /शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य केन्द्रे कास्चालनञ तथा व्यवस्थापन समितिका अध्यक्ष

..................................................को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा वसेको वैठकले विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नानुसारको निर्णय गऱ्यो । उपस्थितिः

| क.सं. | नाम | महिला/पुरुष | पद | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

वैठकमा छलफलकालागि प्रस्तावहरुः

| क.सं. | प्रस्तावहरु | प्रस्ताव गर्ने सदस्यको नाम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

वैठकका निर्णयहरुः

यो वैठकले उपरोक्त प्रस्तावहरुमा  गहन छलफल गरी निम्नानुसारको कार्ययोजना सहितको निर्णय गऱ्यो ।

१. अघिल्लो वैठका निर्णयको समीक्षाः

..........................

................................

२. वैठकका मुख्य निर्णयहरुः

..........................

..................................

...................................

३. निर्णय कार्यान्वयनको कार्य योजना

| क.सं. | पहिचान भएका समस्या | कायान्वयनका लागि सिफारिस गरका कियाकलापहरु | पूरा गर्ने समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत

## अनुसूचि ८.नागरिक बडापत्र

आधारभूत स्वास्थ्य सेवा प्याकेज र सेवाको न्यूनतममापदण्डमा उल्लेख भएका कार्यक्रमहरुको आधारमा तोकिएको ढाँचामा तयार गरी सेवाग्राहीको सहज पहुच हुने स्थानमा टाँस गर्नुपर्नेछ ।